# लोक सेवा आयोग

(सूचना तथा प्रकाशन शाखा)

लोक सेवा आयोग
सूचना तथा प्रकाशन शाखा

## सूचना तथा प्रकाशन शाखा

## इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाड्रोलोजी उपसमूह, रा.प. द्वितीय श्रेणी (प्राविधिक) पदको बढुवा सूचना

**सूचना नं. ३८९/०७८-७९**

राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीका (प्राविधिक/अप्राविधिक) तथा स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरुको पदपूर्तिको लागि २०७८/६/२७ गते बढुवा सूचना तथा विज्ञापन प्रकाशन भएकोमा उक्त सूचनामा देहाय बमोजिमको बढुवा सूचना थप गरिएको छ। मिति २०७८/७/३० सम्म योग्य उम्मेदवारहरुले तल उल्लेखित शर्तको अधीनमा रही दरखास्त दिन आह्वान गरिन्छ।

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी/तह | किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | १५७/०७८-७९ | इन्जि., सिभिल, हाइड्रोलोजी | रा.प.द्वितीय | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १ (एक) |

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ।
(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(ङ) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।
(च) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको हुनुपर्नेछ। निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ। महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ। निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनुपर्नेछ।
(छ) उम्मेदवारहरुले लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी मिति २०७८/०९/१६ सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।
(ज) दरखास्त दस्तुर रु. १,२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ।
(झ) दरखास्तका अन्य शर्तहरु २०७८/६/२७ मा प्रकाशित सम्बन्धित सूचनामा उल्लेख भए बमोजिम हुनेछन्।

**मितिः २०७८/८/१०**